# सरूमारानी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा ,प्यूठान

लुम्बिनी प्रदेश नेपाल

प.स : ०७९।०८०

च.नं: १६५२

मितिः२०८०।०१।१०

श्री सबै शाखा प्रमुखहरु,

सरुमरानी गाउँपालिक,प्यूठान ।

श्री वडा कार्यालयहरु सबै

सरुमरानी गाउँपालिक,प्यूठान ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारी गाउँपालिकाको मिति २०८०।०१।०५ गते बसेको बैठकको निर्णय प्रति आवश्यक कार्यान्वयन तथा जानकारीको लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.......................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## गाउँकार्यपालिकाको मिति २०८०।०१।०५ गतेको अठारौ बैठकका प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्बन्धमा ।
२. वडा स्तरीय योजनाहरुको हाल सम्मको कार्यप्रगति सम्बन्धमा ।
३. सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
४. न्यायिक समितिको अध्ययन भ्रमण प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
५. विस्थापित शिक्षक पदस्थापना सम्बन्धमा ।
६. विभिन्न कार्यविधिहरु स्वीकृत सम्बन्धमा ।
७. विभिन्न विधालयहरु तथा योजना मर्मत सम्बन्धमा ।
८. कृषि/पशु सेवा केन्द्र भवनको नक्सापास सम्बन्धमा ।
९. कुडुले सिरुवारी देउराली मो.बा.को बाकी बजेट सम्बन्धमा ।
१०. बालविकास केन्द्र स्वीकृत सम्बन्धमा ।
११. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
१२. अनुगमन प्रतिबेदन सम्बन्धमा ।
१३. खेलकुद सामाग्री खरिद सम्बन्धमा ।
१४. ध्यानआकर्षण गर्ने सम्बन्धमा ।
१५. सडक मर्मत रकम सम्बन्धमा ।
१६. सहकारी कार्यक्रम कार्यान्वयनको लागी संस्था छनौट सम्बन्धमा ।
१७. सडक मापदण्ड र भवन संहिता/नक्सापास सम्बन्धमा ।
१८. अमिन परिचालन सम्बन्धमा ।
१९. आर्थिक सहयोग सम्बन्धमा ।
२०. विविध सम्बन्धमा ।

- बेरुजु सम्बन्धि जानकारी सम्बन्धमा ।
- पलम्विङ्ग र पंखा/मोटर मर्मत प्रशिक्षक छनौट सम्बन्धमा ।
- बजेट सिलिङ्ग जानकारी सम्बन्धमा ।
- अपाङ्गता परिचयपत्र सम्बन्धमा ।
- कार्यक्रमको अभिमुखिकरण सम्बन्धमा ।
- युवाभेला/संजाल गठन सम्बन्धमा ।
- टेम्पो/अटोरिक्सा दर्ता/सूचीकरण सम्बन्धमा ।
- लै.स.स. सम्पर्क ब्यक्ति सम्बन्धमा ।
- बांगेशाल सामुदियक सिचाई पोखरी निर्माण सम्बन्धमा ।



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-१८

## गाउँकार्यपालिकाको अठारौ बैठकका निर्णयहरु-२०८०।०१।०५ गते

### निर्णय न. १ गत बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव न.१ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/१२/१४ गतेको बैठकमा भएका निर्णय मध्ये सबै निर्णयहरु कार्यान्वयन भएको/प्रकृयामा गएको विषयमा समिक्षा/जानकारी भयो ।

### निर्णय न. २ वडा स्तरीय योजनाहरुको हाल सम्मको कार्यप्रगति सम्बन्धमा ।

प्रस्ताव न. २ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको चालू आ.ब. २०७९/०८० को बार्षिक कार्यक्रम अन्तर्गत हाल सम्म भएको भौतिक प्रगती, सेवा प्रवाह, नागरिक बडा पत्र अनुसारको जनतालाई दिएको सेवा प्रबाह, घुम्तीसेवाहरु-ब्यक्तिगत घटना दर्ता अभियान, आखाशिविर, विभिन्न खोप अभियान, पशुस्वास्थ्य शिविर लगाएतका विषयमा भएका प्रगति, काम गर्दा आईपरेका समस्या लगाएतका विषयमा जानकारी एवं छलफल भयो ।

### निर्णय न.३ सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव न. ३ माथि छलफल गर्दा संघिय सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तगत आ.ब. २०७७/०७८ मा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।११।११ गते र २०७८/३/२५ गतेको बैठकबाट स्वीकृत/संशोधित २०० घरधुरी मध्ये तपिशलका घरधुरीमा जस्तापाता लगाउन बाकी रहेकोले उक्त घरधुरीमध्ये प्राथमिकताको आधारमा चालू आ.ब. मा विनियोजित बजेटबाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | घरधुरीको नाम | ठेगाना | क्र.स. | घरधुरीको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १ | भिमे नेपाली | सरुमारानी-१ बांगेशाल | १६ | दिल बहादुर ठेडी | सरुमारानी-६ |
| २ | अनुपा सुनार | सरुमारानी-२ गनाहा | १७ | निम बहादुर पुन | सरुमारानी-६ |
| ३ | हेमा कुमारी नेपाली | सरुमारानी-२ गनाहा | १८ | छविलाल दमाई | सरुमारानी-६ |
| ४ | राज कुमार क्षेत्री | सरुमारानी-२ गनाहा | १९ | काले गुरुङ्ग | सरुमारानी-३ |
| ५ | किमा कुमारी सार्कि | सरुमारानी-२ गनाहा | २० | सेते गुरुङ्ग | सरुमारानी-३ |
| ६ | दान बहादुर कुवर | सरुमारानी-२ गनाहा | २१ | सिता गुरुङ्ग | सरुमारानी-३ |



झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | गोरे सार्की | सरुमारानी-२ गलौंजी | २२ | शिब बहादुर खाम्चा | सरुमारानी-३ |
| ८ | जिव नारायण अर्याल | सरुमारानी-२ ढाण | २३ | मैगल बहादुर गुरुङ्ग | सरुमारानी-३ |
| ९ | सितादेवी पुन | सरुमारानी-६ | २४ | मंगले राउत | सरुमारानी-३ |
| १० | सागरपुन मगर | सरुमारानी-६ | २५ | भोवित्रा रखाल मगर | सरुमारानी-३ |
| ११ | रुम बहादुर पुन | सरुमारानी-६ | २६ | ईन्द्र बहादुर पुन | सरुमारानी-५ |
| १२ | अम्विका कुमारी पुन मगर | सरुमारानी-६ | २७ | चन्द्र बहादुर मर्साईमगर | सरुमारानी-५ |
| १३ | टेक बहादुर पुन | सरुमारानी-६ | २८ | शेर बहादुर थापा मगर | सरुमारानी-४ |
| १४ | पुनीदेवी पुन मगर | सरुमारानी-६ | २९ | हुमा घर्तीमगर | सरुमारानी-४ |
| १५ | राम बहादुर बुढा | सरुमारानी-६ | ३० | साजन गाहाँमगर | सरुमारानी-४ |

**निर्णय न. ४ न्यायिक समितिको अध्ययन भ्रमण प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा न्यायिक समिति र मेलमिलापकर्ताहरुको मिति २०७९।१२।२२ गते देखि २४ गते सम्म बुटवल उपमहानगरपालिका, रेशुङ्गा नगरपालिका र धुर्कोट गाउँपालिकाहरुको असल अभ्यास अवलोकन भ्रमणको प्रतिबेदन प्रस्तुत भई छलफल एवं जनाकारी भयो ।

**निर्णय न. ५ विस्थापित शिक्षक पदस्थापना सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका अन्तर्गत विभिन्न विधालयका विस्थापित शिक्षकहरुको ब्यवस्थापन/पदस्थापन सम्बन्धमा गाउँपालिका स्तरीय शिक्षा समितिको मिति २०७९/१२/२६ गते बैठकको निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ विभिन्न कार्यविधिहरु स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाबाट तयारी गरिएका तपशिलका कार्यविधिहरुलाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

- सरुमारानी कृर्षि तथा पशुपंक्षि विकास स्रोतकेन्द्र संचालन कार्यविधि,२०८०
- सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि,२०८०
- सार्वजनिक परिक्षण कार्यविधि,२०८०
- सामाजिक परिक्षण कार्यविधि,२०८०

**निर्णय न. ७ विभिन्न विधालयहरु मर्मत तथा रंगरोगन सम्बन्धमा ।**



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

प्रस्ताव न. ७ माथि छलफल गर्दा यस गाउँपालिकीको चालू आ.ब. २०७९/०८० को शिक्षा तर्फको विधालय मर्मत तथा रंगरोगन शिर्षकबाट निम्न विधालयहरुको मर्मत/फर्निचर निर्माण तथा रंगरोगन लगाउन वजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

१.श्री श्रमरानी मा.वि बुढिचौर रु.२५,०००/-

२.श्री नेपाल राष्ट्रिय आधारभुत मा.वि. हंशपुर रु.५०,०००/-

**निर्णय न. ८ कृषि/पशु सेवा केन्द्र भवनको नक्सापास सम्बन्धमा ।**

प्रस्ताव न.८ माथी छलफल गर्दा कृषि तथा पशुपंक्षि मन्त्रालय, ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालय, बुटवलको मिति २०७९/१२/०७ च.न. १४० को पत्र अनुसार गाउँपालिकास्तरीय कृषि तथा पशुपन्छी सेवा केन्द्रको Architectural & Structural डिजाईन/ड्रईङ्ग र Structural Anasysis & Geotechnical Report हरु स्वीकृत एवं नक्सापास गर्ने निर्णय गरियो ।

**निर्णय न. ९ कुडुले सिरुवारी देउराली मो.बा.को बाकी बजेट सम्बन्धमा ।**

प्रस्ताव न. १० माथि छलफल गर्दा सिरुवारी देउराली मो.बा.को ठेक्का संझौता भई गाउँपालिका तर्फको बचत रकमबाट सोही बाटोमा ग्याविन, ह्युमपाईप लगाएत अन्य मोटरबाटोको काम गर्ने निर्णय गरियो ।

**निर्णय न. १० बाल विकास केन्द्र स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव न. १० माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको वडा न. ६ स्थित टाकुरा बस्तीमा विगत ५ बर्षदेखी समुदाययद्धारा संचालित श्री प्रगतिशिल बाल विकास केन्द्र टाकुरालाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. ११ योजना संशोधन सम्बन्धमा ।**

प्रस्ताव न. ११ माथी छलफल गर्दा यस गाउँपालिकाका चालु आ.ब.मा स्वीकृत तपशिलका योजना तथा कार्यक्रमलाई आगामी गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | स्वीकृत योजना | संशोधित योजना | ठेगाना | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपल्लो बैंकि सिचाई पोखरी निर्माण | ४ नं. वडा कार्यालय जाने बाटो र कार्यालय परिसरको फिल्ड निर्माण | सरुमारानी-४ बड्डाडा | १,००,०००।- | |



झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २ | खन्निउबगर गोरेटोबाटो निर्माण | सारुटोल डुवरुङ्गे मो.बा.मर्मत | सरुमारानी-४ डुवरुङ्गे | ३००००।- | |
| ३ | कालिका प्रा.वि. खानेपानी टयाङ्की निर्माण | कालिका प्रा.वि. खानेपानी टयाङ्की खरिद | सरुमारानी-४ सिरवारी | २००००।- | |
| ४ | धाद्र खानेपानी योजना | तालसगराते खानेपानी ईनार निर्माण | वडा नं. १ | ५००००।- | |
| ४ | स्वास्थ्य संस्थाजन्य फोहोरमैला ब्यबस्थापन तथा प्लासेन्टा पिट निर्माण | बांगेशाल स्वास्थ्य चौकी फोहोरमैला ब्यबस्थापन ईन्सिनिरेटर पिट निर्माण | बांगेशाल | १०००००।- | स्वास्थ्य तर्फ |
| | | बङ्खाडा आधारभुत स्वास्थ्य सेवा केन्द्र प्लासेन्टा पिट निर्माण | वडा न. ४ बङ्खाडा | ५००००।- | |
| | | ददेरी आधारभुत स्वास्थ्य सेवा केन्द्र प्लासेन्टा पिट निर्माण | वडा न. २ ददेरी | ५००००।- | |
| ५ | धोवाघाट सिचाई कुलो निर्माण योजना | पुरानो हे.पो. भवनमा सभाहल निर्माण योजना | वडा न. ३ | ११००००।- | ८००००।- |
| | सारुटोल चौडाखोला पैदल सिडि निर्माण योजना | | | | ३००००।- |
| ६ | साझेदारी कार्यक्रम | मर्मत संभार कोष | गा.पा. | १५०००० | |
| ७ | एम्बुलेन्स खरिद शिर्षक | ४ न. वडा कार्यालय र कार्यालय परिसरको फिल्ड निर्माण | वडा न. ४ | ५०००० | बचत रकम |

**निर्णय न. १२ अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

प्रस्ताव न. १२ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिका स्तरीय अनुगमन समितिको तर्फबाट चालू आ.ब.को हाल सम्म गरिएका योजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिबेदन प्रस्तुत



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

भई छलफल भयो । साथै अनुगमन समितिले दिएको सुझाव अनुसार योजना तथा कार्यक्रम कार्यान्वयनमा ध्यान दिने निर्णय गरियो ।

**निर्णय न. १३ खेलकुद सामाग्री खरिद सम्बन्धमा ।**

प्रस्ताव न. १३ माथी छलफल गर्दा यस गाउँपालिको चालू आ.ब.को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मा.वि.स्तरीय मार्शलआर्ट(हप्किडो) प्रशिक्षण शिर्षकमा बचत हुने रकमबाट तपशिलका सामाग्रीहरु खरिद उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| किक प्याक-४ सेट | ९ चेक-४ सेट | बालुवा-४ट्रीप |
| चेसगार्ड-८ सेट | तारवार-४ सेट | म्याट-२ वटा(४/४का) |

**निर्णय न. १४ ध्यानआकर्षण गर्ने सम्बन्धमा ।**

प्रस्ताव न.१४ माथी छलफल गर्दा यस शैक्षिक बर्षमा भएको बिधालयहरुको बार्षिक परीक्षाको नतिजा कमजोर भएको प्रति गाउँपालिकाको गम्भिर ध्यानआकर्षण भएकोछ। सो सम्बन्धी सम्बन्धित विधालयका प्रधानाध्यापक सबै बिधालयहरु र शिक्षा शाखालाई विशेष शैक्षिक गुणस्तर सुधारको कार्ययोजना तयार गरी पेश गर्न निर्देशन दिने र सबै वडा स्तरीय शिक्षा समितिहरुलाई सक्रिय वनाई अनुगमन कार्य गर्ने निर्णय गरियो ।

**निर्णय न. १५ सडक मर्मत रकम सम्बन्धमा ।**

प्रस्ताव न.१५ माथी छलफल गर्दा यस गत असोज महिनाको भिषण बर्षाका कारण वडा न. ५ का बिभिन्न सडकहरु क्षतीग्रस्त भएका र उक्त सडकहरुको मर्मतको लागी पटक पटक गरी पाचँलाख रुपैया बिनियोजन भई भुक्तानी भएको र उक्त वडाहरुका जनताको जनगुनासो अनुसार थप सडक/मो.बा.हरु मर्मत गर्नको लागी कार्यालयले दिईएको आदेश अनुसार विभिन्न सडकहरु मर्मत भई कार्यसम्पन्न भएकोले रु.१,५०,०००/- मर्मत संभार कोष शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो

**निर्णय न. १६ सहकारीको कार्यक्रम कार्यान्वयनको लागी संस्था छनौट सम्बन्धमा ।**

क) यस गाउँकार्यपालिकाको मिति २०७९/१०/१७ गतेको निर्णय अनुसार सहकारी संस्थाको संस्थागत विकास, तालिम गोष्ठी, ब्यबसायिक उत्पादन बृद्धि कार्यक्रमको लागी रु ३,७५,०००/- विनियोजन भएकोमा उक्त रकम गाउँपालिका स्तरिय सहकारी संजालको निर्णय अनुसार ऐरावती बहुउद्देश्यीय साना किसान सहकारी संस्था लि. वङ्गाडा मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत महिला सहकारी वा महिला आमा समूहले विपन्न सदस्यहरुको आयमुलक कार्यक्रम संचालनको लागी सरुमारानी गाउँपालिका वडा न. ३ मा रहेको श्री शान्तिकुञ्ज सामाजिक महिला सहकारी संस्था छनौट गर्ने निर्णय गरियो ।

**निर्णय न. १७ सडक मापदण्ड र भवन संहिता सम्बन्धमा ।**

झग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

प्रस्ताव न.१७ माथी छलफल गर्दा यस गाउँपालिकाको सडक मापदण्ड र भवन संहिता/घरनक्सा पास निर्देशिका/कार्यविधिको मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न. १८ अमिन परिचालन र सुविधा सम्बन्धमा ।**

प्रस्ताव न. १८ माथि छलफल गर्दा कुनै ब्यक्तिले कार्यालयबाट फिल्ड रेखाङ्कको लागी अमिन उपलब्ध गराईपाउँ भनि निवेदन दिएमा उक्त ब्यक्तिबाट रु.३,०००।-राजश्व दस्तुर लिई अमिन खटाउने र यसरी खटिएको अमिन कर्मचारीलाई फिल्ड प्रतिवेदनको आधारमा सोही राजश्वबाट रु.१००० थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. १९ आर्थिक सहायता सम्बन्धमा ।**

प्रस्ताव न. १९ माथि छलफल गर्दा निम्न ब्यक्ति/संस्थाहरुलाई तपशिल वमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

क) अखिल नेपाल किसान महासंघ जिल्ला कार्यसमितिको पत्र अनुसार किसान महासंघको सातौ राष्ट्रिय महाधिबेशनको लागी अन्य संस्था अनुदान शिर्षकबाट रु. २०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. २० विविध सम्बन्धमा ।**

- **बेरुजु सम्बन्धि जानकारी सम्बन्धमा ।**
  महालेखा परिक्षकको कार्यालयको ६० औं प्रतिबेदनले यस गाउँपालिकाको गत आ.ब. २०७९/०८० को बेरुजु शुन्य भएको जानकारी भयो ।
- **पलम्विङ्ग र पंखा/मोटर मर्मत प्रशिक्षक छनौट सम्बन्धमा ।**
  यस कार्यालयबाट मिति २०७९।१२।२८ गते प्रकाशित सूचना अनुसार पलम्विङ्ग र पंखा/मोटर मर्मत सम्बन्धि सिममुलक तालिम संचालनको लागी तपशिलका प्रशिक्षकहरु छनौट गर्ने र उक्त प्रशिक्षकलाई तलब स्वरुप मासिक रु ३००००/- सामाजिक सुरक्षा कर कट्टी गरि उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

१.श्री हिम बहादुर राष्कोटी मगर-ऐरावती गाउँपालिका-२ बरौल......पलम्विङ्ग तालिम प्रशिक्षक
२.श्री शिवराज अधिकारी- सरुमारानी-२ दर्भान----------पंखा/मोटरमर्मत प्रशिक्षक

- **बजेट सिलिङ्ग जानकारी सम्बन्धमा ।**

आगामी आ.ब. २०८०/०८१ को लागी संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने प्रारम्भिक बजेट सिलिङ्गको बारेमा जानकारी गराईएको

<u>तपशिल</u>

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| बजेट शिर्षक | संघीय सरकार | प्रदेश सरकार | कैफियत |
|---|---|---|---|
| समानीकरण अनुदान | ८२६०००००  | ५५००००० | |
| राजश्व बाडँफाड | ८६०७४३०० | ० | |
| समपुरक अनुदान | १०००००००  | २०००००००  | |

- **अपाङ्गता परिचयपत्र सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा न. २ निवासी श्री शंकर श्रेष्ठले यस कार्यालयबाट ग बर्षको अपाङ्गता परिचय पत्र प्रास गर्नु भएकोमा निजको शारीरीक अवस्था थप कमजोर हुदै गएकोले ख बर्गको अपाङ्गता परिचय पत्र उपलब्ध गराउने निर्णय गरियो ।

- **कार्यक्रमको अभिमुखिकरण सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण कार्यक्रम गर्न बाकी रहेका वडा हरुमा मिति २०८० बैसाख १०, ११, १२ र १३ गते कार्यक्रम गर्ने निर्णय गरियो ।

- **युवाभेला/संजाल गठन सम्बन्धमा ।**

गाउँपालिका स्तरीय युवाभेला/संजाल गठनको लागी मिति २०८० बैसाख १४ गते गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

- **टेम्पो/अटो रिक्सा दर्ता/सूचीकरण सम्बन्धमा ।**

यस गाउँपालिकाको स्वीकृत टेम्पो/अटोरिक्सा ब्यबस्थापन निर्देशिका बमोजिम अटोरक्सा दर्ता/सूचीकरणको लागी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो

- **लै.स.स. सम्पर्क ब्यक्ति सम्बन्धमा ।**

यस कार्यालयको सहायक पाचौ श्री साधना सिंहलाई लैगिक सम्पर्क ब्यक्ति तोक्ने निर्णय गरियो ।

- **<u>बांगेशाल सामुदायिक सिचाई पोखरी निर्माण सम्बन्धमा</u>**

यस गाउँपालिकाको चालू आ.ब.को स्वीकृत कार्यक्रम अन्तर्गत बांगेशाल सामुदायिक सिचाई पोखरी निर्माण ४ वटा-डाडागाँउ, टाकुरा, झरनटोल र साना किसान(कृषि फर्म) मा निर्माण गर्ने निर्णय गरियो

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/१/७

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष